# सहकारी नमूना गाँउ (स्थापना, सञ्चालन र व्यवस्थापन) विधि, २०७७

माननीय मन्त्रीस्तरबाट मिति २०७७/०७/२६ मा स्वीकृत

**प्रस्तावनाः**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ.व. २०७७।७८ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सहकारी नमूना गाँउ स्थापना कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन र कार्यान्वयन गर्नका लागी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले देहायको कार्य संचालन विधि स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "सहकारी नमूना गाँउ (स्थापना, सञ्चालन र व्यवस्थापन) विधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः,-

(क) "सहकारी संस्था" भन्नाले सहकारी नमूना गाँउ स्थापना र सञ्चालन हुने क्षेत्रका सहकारी संस्था सम्झनु पर्छ ।

(ख) "सहकारी खेती" भन्नाले संस्थाले बहुवर्षिय रुपमा भूमिको व्यवस्था गरी आफ्ना सदस्यहरुलाईप्रत्यक्ष संग्लन गराएर सामूहिक वा व्यक्तिगत जोखिममा संचालन गर्ने खेतीपाती सम्झनु पर्छ र सो शव्दले त्यसरी सामूहिक जोखिममा गरिने पशुपालन, माछापालन, रेशमखेती, मौरीपालन कुखुरापालन जस्ता व्यवसायलाई समेत जनाउँछ।

(ग) "नमूना गाउँ" भन्नाले दफा ४ मा उल्लेखित मापदण्ड पुरा गरेको गाउँ सम्झनु पर्छ ।

(घ) "कार्यक्रम" भन्नाले नमूना गाउँ तोकिएको क्षेत्रमा सञ्चालन हुने होमस्टे, चमेना गृह, कोसेली गृह, सहकारी खेती, नगदेबाली, कृषिजन्य तथा पशुपन्छीजन्य वस्तुहरुको उत्पादन, प्रशोधन तथा बजारिकरण एवं सास्कृतिक एवं सामाजिक सदभाव विकासका लागि सञ्चालन गरिने क्रियाकलाप सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको भूमि व्यबस्था कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(च) "प्रदेश" भन्नाले लुम्बिनी प्रदेशलाई सम्झनु पर्छ ।

३. **उद्देश्यः** सहकारी नमूना गाउँ स्थापना तथा सञ्चालन गर्नुको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) सहकारी मार्फत नमूना गाउँको स्थापना र सञ्चालन गरी रोजगारी सिर्जना गर्दै गरिबी न्यूनिकरणमा टेवा पुऱ्याउने

(ख) सहकारी मार्फत् कृषि तथा कृषिजन्य उपज र पशु तथा पशुजन्य बस्तुको उत्पादन, प्रशोधन र बजारीकरणमा टेवा पुर्याउने,

(ग) प्रतिस्पर्धात्मक क्षमताको वृद्धि गरी उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि उत्प्रेरित गर्ने,

(घ) स्थानीय तथा स्वदेशी उत्पादित बस्तुको बजारीकरण गरी कृषिजन्य एवम् पशुजन्य बस्तुहरुको आयात प्रतिस्थापन गर्ने।

(ङ) शिक्षा, स्वास्थ्य लगायत सामाजिक सेवाका क्षेत्र तथा होमस्टे, पर्यापर्यटन क्षेत्रको विकासमा जोड दिने ।

## परिच्छेद–२

## मापदण्ड तथा कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

४. **नमूना गाउँका मापदण्डः** (१) मन्त्रालयले जिल्लाभित्रका गाउँहरु मध्ये उपर्युक्त गाउँको छनौट गरी सहकारी नमूना गाउँको घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिने सहकारी नमूना गाउँ छनौटका मापदण्ड देहाय बमोजिम हुनेछन्।

(क) घना वस्ती भई भौगोलिक रुपमा उपयुक्त क्षेत्रमा रहेको,

(ख) आर्थिक, सामाजिक, साँस्कृतिक तथा ऐतिहासिक महत्व बोकेको क्षेत्र,

(ग) सामाजिक रुपमा सामूहिक भावना भएका ब्यक्तिहरुको बसोबास भएको क्षेत्र,

(घ) कृषि तथा पशुजन्य उत्पादनको पर्याप्त सम्भावना भएका क्षेत्र,

(ङ) प्राकृतिक सम्पदा एवं सुन्दरता भई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने क्षेत्र,

(च) स्वच्छ खानेपानी, विजुली, टेलिफोन, ईन्टरनेट, बाटोघाटो जस्ता न्यूनतम भौतिक पूर्वाधार उपलब्ध भएको वा हुन सक्ने क्षेत्र,

(छ) दीर्घकालीन लाभ हासिल गर्ने सम्भावना बोकेको क्षेत्र,

(ज) सरसफाई एवं वातावरणीय दृष्टिले प्रदुषण रहित क्षेत्र,

(झ) महिला नेतृत्वद्धारा सञ्चालन भैरहेको क्षेत्र र

(ञ) अन्य उपयुक्त आधारहरु ।

(३) उपदफा (२) बमोजिमका आधारहरुमा मन्त्रालयले आवश्यकता अनुसार थपघट र हेरफेर गर्न सक्नेछ ।

५. <u>**सहकारी नमूना गाउँकार्यक्रम सञ्चालन प्रक्रियाः**</u> (१) सहकारी नमूना गाउँ छनौट भई घोषणा भएको क्षेत्रमा दफा ६ मा उल्लेख भए बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम सहकारी नमूना गाउँ क्षेत्रमा सञ्चालन गरिने कार्यक्रमको सञ्चालन मन्त्रालयले गर्न/ गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्यक्रम सञ्चालन गर्नको लागी मन्त्रालयले अनुसूची-१ बमोजिमको ढाँचामा ३० दिनको सूचना प्रकाशन गर्नुपर्नेछ ।

(४) नमूना गाउँ सञ्चालन गर्न प्रारम्भिक रुपमा छनौट भएका तोकिएका गाउँभित्र पर्ने सहकारी संस्थावाट दफा ६ बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न अनुसूची-२ बमोजिमको ढाँचामा इच्छुक सहकारी संस्थाले प्रस्ताव पेश गर्न सक्नेछन् ।

(५) उपदफा (४) बमोजिम प्रस्ताव पेश गर्ने सहकारी संस्थाले प्रस्ताव साथ अनुसूची-३ बमोजिमको ढाँचामा कार्यक्रमको विवरण पेश गर्नु पर्नेछ ।

(६) पेश भएको प्रस्तावहरुको अनुसूची-४ बमोजिमको प्रारम्भिक जाँचसूचीको आधारमा प्रारम्भिक छानविन गर्नुपर्नेछ ।

(७) उपदफा (६) बमोजिम छानविन गर्दा जाँचसूची मध्ये कुनैमा असफल भएको पाईएमा त्यस्तो प्रस्ताव स्वीकृत नहुने ब्यहोराको जानकारी सम्बन्धित संस्थालाई गराउनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम प्रारम्भिक जाँचसूचीमा सफल भएका प्रस्तावहरुको पर्याप्त आधार, सम्भाव्यता र प्राविधिकको परामर्शमा प्राप्त प्रस्तावहरु मध्ये सबैभन्दा उत्तम प्रस्ताव छनौट गर्न अनुसूची-५ बमोजिमको मूल्याङ्कन प्रक्रिया पूरा गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने प्रस्ताव स्वीकृत गरिनेछ ।

(९) प्रस्ताव स्वीकृत भएपछि कार्यालयले अनुसूची-६ मा तोकिएको ढाँचामा सम्झौता गरि कार्य सञ्चालन गर्न सम्बन्धित संस्थालाई कार्यादेश दिनेछ ।

(१०) मन्त्रालयले कार्य सञ्चालन गर्न सम्झौता गर्दा कार्यक्रमको प्रकृतिको आधारमा आवश्यक शर्तहरु निर्धारण गरि तोक्न सक्नेछ ।

(११) सहकारी नमूना गाउँ क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा पहिलो वर्ष मन्त्रालयले ८० प्रतिशत, दोस्रो वर्ष ५० प्रतिशत र तेस्रो वर्ष ३० प्रतिशत अनुदान रकम परियोजना प्रस्तावमा आधारित भएर उपलब्ध गराईनेछ।

(१२) सहकारी नमूना गाउँ सञ्चालन हुने स्थानमा सहभागी हुने सहकारीहरु मध्येबाट नमूना गाउँ सन्चालक समिति गठन गर्नुपर्नेछ ।

(१३) सञ्चालक समितिले कार्यक्रम सञ्चालनका लागि विषयगत उपसमिति गठन गर्न सक्नेछ ।

(१४) सहकारी नमूना गाउँ भित्र सञ्चालन हुने कार्यक्रमको निर्माण, सञ्चालन, ब्यवस्थापन, उत्पादन, बजारीकरण जस्ता विभिन्न क्रियाकलापहरु सञ्चालनगर्दा सम्भव भए सम्म स्थानीय स्रोत, साधन, सीप, क्षमता, जनशक्तिको प्रयोग गर्नुपर्नेछ।

(१५) कृषि सिंचाई, कृषि सडक तथा कृषि पूर्वाधार तथा अन्य निर्माण सम्बन्धीकार्यक्रम सञ्चालन गर्दा मन्त्रालयको पूर्व स्वीकृति बिना डोजर, लोडर, स्काभेटर जस्ता भारी उपकरणहरु प्रयोग गर्न पाइनेछैन।

(१६) कार्यक्रम सञ्चालन गर्नुपूर्व सहकारी नमूना गाउँ क्षेत्रभित्र पर्ने सदस्य तथा कृषकहरुको सहभागितामा निर्णय अनुसार नमूना गाउँ क्षेत्रभित्र सञ्चालन गरिने कार्यक्रमहरुको प्राथमिकताक्रम निर्धारण गर्नुपर्नेछ।

(१७) प्राथमिकताक्रम निर्धारण गर्दा महिला, दलित, उत्पीडन, सिमान्तकृत समुदाय, भौगोलिक रुपले दुर्गम क्षेत्र, आर्थिक, सामाजिक, पुर्वाधार विकासका दृष्टिले पछाडी परेको समुदायलाई प्राथमिकता दिनुपर्नेछ।

(१८) सहकारी नमूना गाउँ क्षेत्रभित्र उत्पादन हुने कृषिजन्य वस्तुहरुको बजारिकरणका लागी सञ्चालक समितिले एक बजार ब्यवस्थापन समिति बनाउनु पर्नेछ ।उक्त समितिले कृषकले उत्पादन गरेको

वस्तु तथा उपजहरु संकलन, प्रशोधन एवं प्याकेजिङ गर्ने ब्यवस्था मिलाई आवश्यक परेमा स्थानीय ब्राण्ड समेत दिन सक्नेछ ।

तर, यसरी ब्राण्ड नाम राख्नु परेको खण्डमा संस्थाले यस सम्बन्धमा अन्य कुनै निकायबाट स्वीकृत लिनुपर्ने ब्यवस्था भएमा त्यस्तो स्वीकृती भने लिनुपर्नेछ ।

(१९) अलग-अलग स्वामित्व भएका कम्तीमा पाँच घरधनीले सामूहिक ब्यवस्थापन गरि सामुदायिक ग्रामिण होमस्टे सञ्चालन गर्न सक्नेछन् ।सञ्चालन गर्नुपूर्व आधारभुत मापदण्ड पुरा गरी प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले तोकेको निकायमा दर्ता गर्नुपर्नेछ ।

(२०) कृषिजन्य उद्योग सञ्चालन गर्नुपुर्व सम्बन्धित स्थानीय तहको सिफारिस, सञ्चालक समितिको निर्णय संलग्न गर्नुपर्नेछ ।

(२१) कृषिजन्य उद्योग सञ्चालन गर्दा कम्तीमा दशजना सहकारी नमूना गाउँ क्षेत्रका स्थायी बासिन्दा सम्मिलित हुनुपर्नेछ ।

६. **<u>सहकारी नमूना गाँउमा संचालन गरिने कार्यक्रमहरुः</u>** सहकारी नमूना गाउँमा देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।

(क) कृषि तथा पशुपंछी जन्य वस्तुहरुको उत्पादन, प्रशोधन, प्याकेजिङ्ग तथा बजारीकरण सम्बन्धी कार्यक्रम,

(ख) सहकारीखेती सम्बन्धी कार्यक्रम,

(ग) साना घरेलु तथा मझौला उद्योगहरु स्थापना, संचालन र व्यबस्थापन गर्ने सम्बन्धी कार्यक्रम,

(घ) वीउविजन उत्पादन तथा बिक्रिवितरण गर्नेसम्बन्धी कार्यक्रम,

(ङ) सहकारीमा आधारित सामुदायिक विद्यालय, अस्पताल, चमेना गृह, पार्क, उद्यान, श्रोत केन्द्र, जलविद्युत तथा सार्वजनिक सरोकारका महत्वपूर्ण संरचनासंग सम्बन्धित कार्यक्रम,

(च) होमस्टे स्थापना संचालन तथा व्यबस्थापन सम्बन्धी कार्यक्रम,

(छ) सुपथ मूल्यसहकारी पसलहरु, संकलन केन्द्र, हाटबजार तथा कृषि र पशुजन्य वस्तुहरुको खरिद बिक्रि सम्बन्धी कार्यक्रम,

(ज) क्षमता विकाससंग सम्बन्धित तालिम, गोष्ठी, प्रशिक्षण एवं जनचेतनामूलक सूचना प्रकाशन, प्रशारणसंग सम्बन्धित कार्यक्रमहरु र

(झ) आफ्नो क्षेत्रभित्र कृषि सिंचाई, कृषि सडक तथा कृषि पूर्वाधारहरुको निर्माण, संचालन तथा व्यबस्थापन गर्ने सम्बन्धी कार्यक्रमहरु ।

(ञ) नमूना गाउँ सञ्चालनको लागि नमूना गाउँ सञ्चालन कार्यविधी बनाई सञ्चालक समितिको व्यवस्था गरी गर्नुपर्नेछ ।

## परिच्छेद–३

## समिति सम्बन्धी ब्यवस्था

७. **निर्देशक समितिको गठनः** (१) यस विधि बमोजिम स्वीकृत कार्यक्रमको सम्बन्धमा आवश्यक निर्देशन एवं समन्वयका लागि मन्त्रालयमा देहाय बमोजिम निर्देशन समिति रहनेछः

| | |
|---|---|
| (क) मन्त्री, भूमि व्यबस्था कृषि तथा सहकारी मन्त्रालय | -संयोजक |
| (ख) सचिव, उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय | -सदस्य |
| (ग) सचिव, सामाजिक विकास मन्त्रालय | -सदस्य |
| (घ) सचिव, भूमि व्यबस्था कृषि तथा सहकारी मन्त्रालय | -सदस्य |
| (ङ) प्रमुख, प्रशासन तथा सहकारी महाशाखा | -सदस्य-सचिव |

(२) सहकारी नमूना गाँउ संचालन तथा व्यबस्थापनका आवश्यक नीति तयार गर्न सक्नेछ ।

(३) कार्यक्रम व्यवस्थापन समिति र सहकारी नमूना गाउँ छनौट समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

८. **कार्यक्रम व्यवस्थापन समितिको गठनः** (१) यस विधि बमोजिमको कार्यक्रम सञ्चालनको लागि सहकारी गाउँ छनौट समितिबाट मूल्याङ्कन भई प्राप्त प्रस्तावहरुको पुनरावलोकन गरी स्वीकृतिको लागि सिफारिस गर्न देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछः-

| | | | |
|---|---|---|---|
| (क) | सचिव | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | अध्यक्ष |
| (ख) | प्रमुख | प्रशासन तथा सहकारी विकास महाशाखा | सदस्य |
| (ग) | प्रमुख | आर्थिक प्रशासन शाखा | सदस्य |
| (घ) | प्रमुख | कानून तथा फैसला कार्यान्वयन शाखा | सदस्य |
| (ङ) | प्रमुख | सहकारी तथा गरिवी निवारण शाखा | सदस्य सचिव |

(२) कार्यक्रम व्यवस्थापन समितिले आवश्यकता अनुसार कुनै विज्ञ, विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) सहकारी गाउँ छनौट समितिबाट मूल्याङ्कन भई पेश भएका प्रस्तावहरु उपर छलफल गरी औचित्यका आधारमा स्वीकृतिको लागि सिफारिस गर्ने,

(ख) प्रस्तावकहरुलाई कार्यक्रमको सम्वन्धमा प्रस्तुतीकरणको लागि बोलाउन सक्नेछ,

(ग) कार्यक्रम कार्यान्वयन गर्न आवश्यक अन्य निर्णय गर्ने।

९. **<u>सहकारी नमूना गाँउ छनौट समितिको गठनः</u>** सम्वन्धित जिल्लामा सहकारी नमूना गाँउ छनौट गर्नका लागि देहाय बमोजिमको समिति रहनेछः-

| | |
|---|---|
| (क) प्रमुख, जिल्ला समन्वय समिती | संयोजक |
| (ख) अध्यक्ष, जिल्ला सहकारी संघ | - सदस्य |
| (ग) प्रमुख, कृषि ज्ञान केन्द्र | - सदस्य |
| (ग) प्रमुख, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | - सदस्य |
| (घ) कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधी | - सदस्य |
| (ङ) योजना अधिकृत वा कृषि ज्ञान केन्द्रको प्रमुखले तोकेको अधिकृतस्तरको प्रतिनिधी- | सदस्य सचिव |

१०. **<u>सहकारी नमूना गाँउ छनौट समितिको काम, कर्तव्य र अधिकारः</u>** सहकारी नमूना गाँउ छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सरोकारवालाहरुसँग समन्वय र अन्तरक्रिया गरी सहकारी नमूना गाँउ सञ्चालन गर्न योग्य स्थानहरुको अध्ययन, अवलोकन गरी पहिचान गर्ने,

(ख) पहिचान गरिएका गाँउहरुको प्राथमिकरण गर्ने

(ग) पहिचान भएका सहकारी नमूना गाँउहरुको छनौटका आधार, स्थानीय जनताका माग र आवश्यकता ,सम्भाव्यका आधारमा छनौट गर्न सक्नेछ । छनौट गर्दा आवश्यक अनुसार विषयगत विशेषज्ञता लिन सक्नेछ ।

(घ) सहकारी नमूना गाउँ सञ्चालन गर्न उपयुक्त गाउँहरुको पहिचान गरी मन्त्रालयमा सिफारिस गर्ने ।

## <u>परिच्छेद-४</u>

## <u>कार्यक्रम कार्यान्वयन, अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धी ब्यवस्था</u>

११. **विवरण सार्वजनिक गर्नुपर्नेः** (१) मन्त्रालयको बजेट तथा कार्यक्रमबाट सञ्चालित कार्यक्रमको सम्बन्धमा कार्यक्रम सम्बन्धी विवरण र खर्चको विवरण कार्यक्रमस्थल एवं संस्थाको कार्यालयमा सर्वसाधारणको जानकारीको लागि प्रष्टसंग पढ्न सकिने गरि सहकारी संस्थालेआफ्नो सूचना पाटीमा टाँस गरी सार्वजनिक गर्नुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम सार्वजनिक गरिने विवरणमा कार्यक्रमको स्वीकृत प्रस्ताव वमोजिम प्रदेश सरकारका साथै संस्थाको योगदान र अद्यावधिक खर्चका महलहरु समेत समावेश गरि राख्नु पर्नेछ ।

१२. **साधारणसभालाई जानकारी गराउनु पर्नेः** यस विधि वमोजिम अनुदान प्राप्त भए पछि सहकारी संस्थाले लगतै वस्ने साधारण सभामा सोको सम्पूर्ण विवरण सहितकोजानकारी गराउनु पर्नेछ।

१३. **असूल उपर गरिनेः-** (१) यस विधि बमोजिम साझेदारीमा कार्य गर्ने गरि प्राप्त रकमको सम्बन्धित सहकारी संस्थाले आफ्नो खातामा आम्दानी बाँधी जुन प्रयोजनको लागी प्राप्त भएको हो सोही प्रयोजनमा उपयोग गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको खर्च तोकिएको क्षेत्र बाहेक अन्यत्र गरि दुरुपयोग गरिएको निरीक्षण तथा अनुगमन गर्दा पाईएमा त्यस्तो संस्थाका सञ्चालक तथा पदाधिकारीको घरघरानाबाट दुरुपयोग भएको रकम सरकारी बाँकी सरह असुल उपर गरि प्रचलित कानून बमोजिम कारवाही गरिनेछ।

१४. **प्रतिवेदन पेश गर्नुपर्नेः** (१) सहकारी संस्थाले यस विधि बमोजिम साझेदारीमा सञ्चालन गरेको कार्यक्रमको प्रगति विवरण प्रत्येक चौमासिक समाप्त भएको सात दिन भित्र कार्यालय र मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा कार्यक्रमको प्रतिवेदन अवधिभित्र भएको भौतिक तथा वित्तिय प्रगति विवरण समेत प्रष्ट हुने गरि पठाउने ब्यवस्था गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन कार्यक्रम सम्पन्न भए पश्चात भुक्तानी प्राप्त गर्नु पूर्व कार्यालय र मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

१५. **स्वीकृत कार्यक्रम बमोजिमको बजेट रोक्का गर्न सक्नेः**(१) सञ्चालित नमूना गाउँ कार्यक्रमको अनुगमन गर्दा सहकारी संस्थाले लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न प्राप्त गरेको रकमको सदुपयोग

नगरेको वा सम्झौता बमोजिमको कुनै शर्त पालना गरेको नपाईएमा अनुगमन प्रतिवेदनको सिफारिसको आधारमा मन्त्रालयले मनासिव समय दिई देहाय बमोजिम गर्न गराउन सक्नेछः

(क) उपयोग नगरेको रकम वा खरिद भएको उपकरणको उपयोग गर्न लगाउने,

(ख) अधुरो निर्माण कार्य सूचारु गर्न लगाउने,

(ग) सम्झौतामा उल्लेखित शर्त पालना नभएकोमा पालना गर्न लगाउने ।

(२) उपदफा (१) बमोजिम दिइएको समयभित्र संस्थाले आवश्यक सुधार नगरेमा मन्त्रालयले आवश्यक सुधार गरेपछि फुकुवा हुने गरि बाँकी किस्ताको भुक्तानी रोक्का राख्न सक्नेछ ।

१६. **कालोसूचीमा राख्न सकिनेः** (१) यस विधि विपरीतको कार्य गर्ने सहकारी संस्थालाई मन्त्रालयले कालोसूचीमा राख्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम कालो सूचीमा परेका सहकारी संस्थालाई यस विधि वमोजिम आगामी पाँच वर्षसम्म मन्त्रालयले कुनै पनि रकम उपलब्ध गराउने छैन ।

१७. **निरीक्षण तथा अनुगमन सम्बन्धी ब्यवस्थाः** (१) मन्त्रालयले आफ्नो स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रमहरुको जुनसुकै बेला निरीक्षण तथा अनुगमन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षण तथा अनुगमनमा खटिएका कर्मचारीलाई सहयोग गर्नु र दिएको निर्देशनको पालना गर्नु सम्बन्धित कार्यालय र सहकारी संस्थाको दायित्व हुनेछ ।

## परिच्छेद-५

## भुक्तानी र लेखापरीक्षण सम्बन्धी ब्यवस्था

१८. **भुक्तानी सम्बन्धी ब्यवस्थाः** (१) यस विधि बमोजिमस्वीकृत वार्षिक कार्यक्रम अनुसार भएको कामको खर्चको भुक्तानी देहाय बमोजिम बढीमा तीन किस्तामा उपलब्ध गराउन सकिनेछ ।

(क) सम्झौता भई कार्य शुरु भए पश्चात खर्चको फाँटवारी र निर्माण कार्यको हकमा प्रथम रनिङ्ग विल प्राप्त भएपछि प्रथम किस्ता स्वरुप सम्झौता बमोजिमको वीस प्रतिशत रकम,

(ख) खर्चको फाँटवारी र दोस्रो रनिङ्ग विल प्राप्त भएपछि दोस्रो किस्ता वापत सम्झौता रकमको तीस प्रतिशत रकम र

(ग) कार्यसम्पन्न भए पश्चात सम्झौता बमोजिमको बाँकी पचास प्रतिशत रकम ।

(२) अन्तिम किस्ता भुक्तानी गर्नुपुर्व कार्यालयले सम्बन्धित सहकारी संस्थाबाट देहाय बमोजिमको कागजात प्राप्त भए नभएको जाँच गर्नुपर्दछ ।

(क) कार्य सम्पन्न भएको कूल रकमको विवरण,

(ख) प्राविधिकबाट जाँचपास भएको कार्यसम्पन्न प्रतिवेदन,

(ग) कार्यक्रम सञ्चालन भएको सम्वन्धित नगरपालिका वा गाउँपालिका वा वडा कार्यालयले दिएको सिफारिस,

(घ) सहकारी संस्थाको सन्चालक समितिले निर्णय गरी सिफारिस गरिएको पत्र

(ङ) सम्बन्धित संस्थाले भुक्तानीको लागि सम्बन्धित निकायमा दिएको निवेदन,

(३) उपदफा (२) बमोजिमका कागजात प्राप्त भएपछि आवश्यक जाँचवुझ गरि सम्बन्धित कार्यालयको आर्थिक प्रशासन शाखाको प्रमुखले लेखा उत्तरदायी अधिकृत समक्ष पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम कागजात पेश भएपछि लेखा उत्तरदायी अधिकृतले भुक्तानीको लागी आदेश दिनेछ ।

(५) उपदफा (४) बमोजिम आदेश प्राप्त भएपछि आर्थिक प्रशासन शाखाले सम्बन्धित संस्थाको नाममा खर्च लेखी एकाउन्टपेयी चेक खिची भुक्तानी दिने ब्यवस्था गर्नुपर्नेछ ।

१९. <u>**लेखा र लेखापरीक्षणः**</u> (१) सहकारी संस्थाले यस विधि बमोजिम साझेदारीमा काम गर्ने गरी प्राप्त गरेको रकमको विवरण प्रष्ट देखिने गरी प्रचलित कानून बमोजिम तोकिएको ढाँचामा दोहोरो लेखा प्रणालीमा आधारित स्रेस्ता राख्नुपर्नेछ ।यसरी राखिएको श्रेस्ताको प्रमाणित छायाँप्रति आफूसँग राखी सक्कल श्रेस्ता लेखापरीक्षण प्रयोजनको लागि सम्वन्धित कार्यालयमा उपलव्ध गराउनु पर्नेछ ।

(२) यस विधि बमोजिम सहकारी संस्थाले साझेदारीमा गरेको कामको सन्दर्भमा भएको खर्चलाई आफ्नो संस्थाको आयव्यय विवरणमा समावेश गरी लेखापरीक्षण गराउँदा आफूसँग रहेको छायाँप्रति श्रेस्ता समेतको परीक्षण गराउनु पर्नेछ ।

(३) लेखापरीक्षकबाट लेखापरीक्षण भैसकेपछि सोको प्रतिवेदन सम्बन्धित कार्यालय र मन्त्रालयमा समेत दिनुपर्नेछ ।

## <u>परिच्छेद-६</u>

## <u>विविध</u>

२०. **<u>स्थानीय तहसँगको समन्वयः</u>** (१) कार्यालयले आफ्नो क्षेत्राधिकारभित्र यस विधि वमोजिम स्वीकृत भएको लागत साझेदारीमा सञ्चालन हुने कार्यक्रम, सोको लागी छुट्याईएको बजेट रकम र प्रयोजन समेत खोली त्यस्तो सहयोग प्राप्त गर्ने संस्थाहरुको विवरण सम्वन्धित स्थानीय तहलाई उपलव्ध गराउनु पर्नेछ ।

(२) संस्थाले दफा १७ बमोजिम कार्यालयमा पेश गर्ने प्रतिवेदनको एक प्रति सम्वन्धित स्थानीय तहमा समेत पठाउनु पर्नेछ ।

(३) सम्वन्धित स्थानीय तहले उपदफा (२) वमोजिम प्राप्त प्रतिवेदन समेतका आधारमा संस्थाले संचालन गरेको कार्यक्रमको नियमित अनुगमन र कार्यान्वयनमा समन्वय गर्नु पर्नेछ ।

(४) सहयोग प्राप्त गर्ने संस्थाहरुले प्राप्त सहयोगवाट गरेका कार्यहरु र सोको उपलब्धी सम्वन्धी विवरण वार्षिक साधारण सभावाट अनुमोदन गरी सोको एक प्रति सम्वन्धित स्थानीय तहमा समेत उपलव्ध गराउनु पर्नेछ ।

२१. **<u>प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्न सकिनेः</u>** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकारको विशेष प्राथमिकताको लक्षित कार्यक्रम अन्तर्गत विभिन्न सहकारी संस्थाहरुलाई सहयोग पुग्ने गरि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(२) उपदफा (१) वमोजिम प्रवर्द्धनात्मक कार्यक्रममा प्रदान गरिने रकम र प्रयोजन स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था भए वमोजिम हुनेछ ।

(३) उपदफा (१) वमोजिम प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्न प्रदान गरिने रकमका सम्वन्धमा अन्य व्यवस्था निर्देशन समितिले तोके वमोजिम हुनेछ ।

२२. **<u>व्याख्या गर्ने अधिकारः</u>** यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै प्रावधानमा द्विविधा उत्पन्न भएमा कार्यविधिको भावना र मर्मको प्रतिकूल नहुने गरी मन्त्रालयले कार्यविधिको व्याख्या गरी आवश्यक आदेश जारी गर्न सक्नेछ।

२३. **<u>प्रचलित कानून लागु हुनेः</u>** यस विधि अनुसार सम्झौता बमोजिमको बार्षिक स्वीकृत कार्यक्रम सञ्चालन गर्ने क्रममा सम्बन्धित सहकारी संस्थाले प्रचलित प्रदेश कानूनको रीत पुर्याइ कार्य सम्पादन गर्नु पर्नेछ।

<u>अनुसूची–१</u>

**<u>लागत सहभागितामा कार्यक्रम सञ्चालन गर्न सहकारी संस्थाहरुको लागि प्रस्ताव आव्हानको सूचना</u>**

**(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)**

सूचना । सूचना ।। सूचना ।।।

यस ..........................................................को आर्थिक वर्ष............. को वार्षिक स्वीकृत कार्यक्रम अनुसार .............................लागत सहभागितामा कार्य सम्पादन गर्न रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा ..................जिल्लाका इच्छुक सहकारी संस्थाबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ ।यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले.............दिनभित्र...............................मा तपसिल अनुसारका कागजातहरु संलग्न गरि तोकिएको ढाँचामा प्रस्ताव पेश गर्न यो सूचना जारि गरिएको छ।

थप जानकारीका लागि....................................कार्यालयहरुमा सम्पर्क गर्न सकिनेछ ।

**<u>प्रस्तावसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु</u>**

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी,
(ख) संस्थाको विनियमको प्रतिलिपी,
(ग) लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपी,
(घ) कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी,
(ङ) आयोजनाको प्रस्ताव,
(च) साधारण सभा वा सञ्चालक समितिबाट आयोजना सञ्चालन गर्ने निर्णय गरेको निर्णयको प्रतिलिपी,
(छ) सञ्चालक समितिको पदाधिकारीको नाम, ठेगाना र सम्पर्क टेलिफोन, मोवाईल नम्वर खुलेको विवरण,
(ज) निर्माणसँग सम्बन्धित कार्यक्रमको हकमा संस्थाको आफ्नो नाममा रहेको जग्गाधनी पुर्जाको प्रतिलिपी ,
(झ) अस्थायी प्रकृतिका संरचनाहरु निर्माणको हकमा २० बर्ष सम्मका लागी भाडा वा लिजमा लिएको जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी,
(ञ) करारनामा वा सम्झौताको प्रतिलिपी,
(ट) अनुसूची-२ बमोजिम आयोजनाको विवरण,
(ठ) आयोजनामा संस्थाको तर्फबाट गर्नुपर्ने लगानीको सुनिश्चितता भएको पत्र।

**अनुसूची-२**

**प्रस्तावको ढाँचा**

**(दफा ५ को उपदफा (४) सँग सम्बन्धित)**

श्री कार्यालय प्रमुख ज्यू,

................................मन्त्रालय/कार्यालय/केन्द्र

**विषयः लागत सहभागीतामा नमूना गाउँ कार्यक्रम कार्यसम्पादन गर्न प्रस्ताव पेश गरिएको।**

त्यसकार्यालयबाटमिति ............../... .../...... मा प्रकाशित सूचना अनुसार यस.............. ............................................................... सहकारी/संघ/संस्थालेप्रदेशसरकारकोवित्तीयसहयोगमा.............. ......... ......................... ............................ ........... .................................. ........... नमूना गाउँ कार्यक्रम सञ्चालन गर्ने गरीमिति............../........./...... को साधारण सभा/ संचालक समितिले गरेको निर्णय बमोजिमसूचनामातोकिएका कागजात संलग्न राखी अनुसूची –३ वमोजिमको विवरण खुलाई यो दरखास्त पेश गरिएको छ ।

सहकारी नमूना गाउँ (स्थापना, सञ्चालन र ब्यवस्थापन) विधि, २०७७ को शर्त, वन्देजहरु पालना गर्न यो संघ/संस्था मन्जुर गर्दछ ।

**भवदीय**

.................................

अध्यक्षः

नाम,थरः

संस्थाको नाम र ठेगानाः

संस्थाको छापः

सम्पर्क नम्वरः

मितिः

## अनुसूची –३

## कार्यक्रमको विवरण

(दफा ५ को उपदफा (५) सँग सम्बन्धित)

१) संघ/संस्थाको नामः

ठेगानाः

जिल्लाः

न.पा./गा.पाः

वडा नं.:

गाउंटोलः

२)दर्ता नम्वर र मितिः

३)कार्यक्रमको नामः

४)कार्यक्रम सञ्चालन गरिने स्थलः

जिल्लाः

न.पा. /गा.पाः

वडा नं.:

गाउँ टोलः

५)कार्यक्रम प्रारम्भ हुने मितिः

६)कार्यक्रम सम्पन्न हुने मितिः

७)प्रस्तावित कार्यक्रमको कुल लागत रु......................

७.१) स्थीर पूंजी आवश्यकता रु................................

क) मेसिनरी उपकरण रु....................

ख) जग्गा रु.....................................

ग) भवन रु.........................

घ) पशुपंक्षी खरीद रु...................................

ङ) अन्य (खुलाउने) रु...........................

७.२) कार्यशील पूंजी आवश्यकता रु..........................................

८)संस्थाले वेहोर्ने लागत प्रतिशतः (क) रकम रु..................(ख) लागत प्रतिशत.........

९) संस्थाको लागत वेहोर्ने श्रोतः....................

(क) शेयर रकमवाट रु.......................

(ख) जगेडा कोषवाट रु............................

(ग) अन्य रु....................................

१०)नेपाल सरकार वा प्रदेश सरकारको अन्य निकायवाट वित्तीय सहयोग प्राप्त गरेको वा प्राप्त गर्न

आवेदन दिएको भए खुलाउनेः...................................................................................

## ११. सदस्य सहभागिताको अवस्थाः

| वर्गिकरण | सहभागिता | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | साधारण सदस्यता | | संचालक समितिमा | | आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुनेमा | | कैफियत |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| महिला | | | | | | | |
| एकल महिला/ एकल पुरुष | | | | | | | |
| अपाङ्ग | | | | | | | |
| दलित समुदाय | | | | | | | |
| पिछडिएका अल्प संख्यक जनजाति | | | | | | | |
| अन्य | | | | | | | |
| जम्मा | | | | | | | |

## १२. संस्थाको व्यवसायीक सेवामा सदस्य केन्द्रियताः

| विवरण | | हालको अवस्था (पछिल्लो आ.ब.) | | कार्यक्रम सञ्चालनभएपछिहुनेअवस्था | |
|---|---|---|---|---|---|
| | | रु हजारमा | प्रतिशत | रु हजारमा | प्रतिशत |
| उत्पादित वस्तुको खरिद | सदस्यको उत्पादन | | | | |
| | गैर सदस्यको उत्पादन | | | | |
| जम्मा | | | | | |
| उत्पादन सामाग्री र उपभोग्य वस्तुको विक्री | सदस्यलाई | | | | |
| | गैर सदस्यलाई | | | | |
| जम्मा | | | | | |

१३.रोजगारीको अवस्थाः

| स्वरोजगारी | हालको अवस्था | | | | कार्यक्रमसञ्चालन भएपछि हुने अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सदस्य संख्या | गैर सदस्य संख्या | जम्मा | सदस्यको प्रतिशत | सदस्य संख्या | गैर सदस्य संख्या | जम्मा | सदस्यको प्रतिशत |
| प्रत्यक्ष्य पूर्ण (वर्षमा २,०८० घण्टा काम पाउने भए १ जना मानी संख्या जनाउने) | | | | | | | | |
| अप्रत्यक्ष | | | | | | | | |
| जम्मा। | | | | | | | | |

१४.कार्यक्रमसँग सम्वन्धित भौतिक पूर्वाधार तथा उत्पादन सम्वन्धी विवरणः

१४.१ कार्यक्रम स्थलमा पूर्वाधारको स्थिति(✓ चिन्ह लगाउनुहोस)

(क) विजुली ☐
(ख) टेलिफोन ☐
(ग) इन्टरनेट ☐
(घ) सिंचाई ☐
(ङ) पक्की सडक ☐
(च) कच्चि सडक ☐

१४.२ व्यवसायको लागि भवन टहरा सेड गोठको स्थिति (✓चिन्ह लगाउनुहोस )

आफ्नै स्वामित्वमा निर्माण भएको ☐
आफ्नै स्वामित्वमा निर्माणाधिन ☐

१४.३ कार्यालयको भौतिक स्थितिः

आफ्नै भवन ☐
भाडाको घर ☐

१४.४संस्थागत सुशासनको स्थितिः

संचालक समितिको बैठक नियमित छ ☐छैन☐
वार्षिक साधारण सभा नियमित छ ☐छैन☐
लेखा परीक्षण नियमित छ ☐छैन☐

संघहरुमा आवद्ध छ □छैन□
कार्य संचालन नियमावली छ □छैन□

छ भने कति वटाः............

कार्यक्रमको सम्भाव्यता अध्ययन छ□छैन□
भएको भए व्यबसायको वार्षिक मुनाफा दरः...........

१४.५ उत्पादित वस्तुको वजार सम्भावनाः

अन्तरार्ष्ट्रिय वजारको पहुँच भएको □नभएको□
राष्ट्रिय वजारको पहुँच भएको□नभएको□
स्थानीय वजारको पहुँच भएको□नभएको□

१४.६ सामुहिक व्यबस्थापनमा संचालन
(क) हुने□ नहुने □
(ख) हुने भए सामुहिक रुपमा कसरी संचालन गरिने हो खुलाउनेः

..........................................................................................................
............................................................................
..........................................................................................................
..............................................................................................................
..........................................................................................................
..............................................
..........................................................................................................
............................................................................

१४.७ प्रविधिमा नवप्रवर्तन (उत्पादकत्व वढाउने गरी प्रयोगमा रहेको उत्पादन विधिमा स्थानीय रुपमा गरिएको सकारात्मक परिर्वतन वा स्थानीय समस्या समाधान गर्ने गरी आधुनिक प्रविधिको सिर्जनात्मक अवलम्वनः

क) हुने□ नहुने □

ख) हुने भए के कसरी हुने हो, खुलाउनेः

..........................................................................................................
..................................................
..........................................................................................................
...................................................
..........................................................................................................
...................................................
..........................................................................................................
..................................................
मूल्य श्रृङ्खलामा माथिल्लो क्रियाकलापः

(क) हो□होइन□

(ख) हो भने व्यहोरा खुलाउने

…………………………………………………………………………………………………………
……………………………………………..
…………………………………………………………………………………………………………
………………………………………………
…………………………………………………………………………………………………………
……………………………………………..
…………………………………………………………………………………………………………
………………………

१४.८वातावरणीय सरोकार (प्राकृतिक श्रोतको जर्गेना, जैविक विविधतामा वढोत्तरी, स्थानीय जातको रैथाने वालीको संरक्षण, प्राङ्गारिक खेतीपाती,प्रदूषणको रोकथाम) लगायतमा पर्ने प्रभावः

(क)सकारात्मक प्रभावः हुने□नहुने□

हुने भए के कस्तो हुने हो, खुलाउनेः

…………………………………………………………………………………………………………
…………………………………………………………………………………………………………
…………………………………………………………………………………………………………
……………………………………

……………………………………………………………………………………………………………………
……………………………………………………………

ख) नकारात्मक प्रभावः हुने□ नहुने□

हुने भए के कस्तो हुने हो, खुलाउनेः

…………………………………………………………………………………………………………
……………………………………………………………………….
…………………………………………………………………………………………………………
……………………………………………………………………….
……………………………………………………………………….

अन्य कुनै कुरा भए खुलाउनेः

…………………………………………………………………………………………………………
……………………………………………………………………….
……………………………………………………………………….
…………………………………………………………………………………………………………
……………………………………………………………………….

अध्यक्षको हस्ताक्षर

………………………………………

नाम,थरः

संस्थाको नाम, ठेगानाः

संस्थाको छापः

सम्पर्क नम्वरः

## अनुसूची- ४

## प्रारम्भिक जाँच सूची

(दफा ५ को उपदफा (६) सँग सम्बन्धित)

१. सूचनाको म्याद भित्र दरखास्त दर्ता भएको□नभएको□
२. सूचनामा तोकिएका सवै कागजात संलग्न भएको□ नभएको □
३. पछिल्लो वार्षिक साधारण सभा समयमै गरेको □ नगरेको □
४. पछिल्लो संचालक समितिको निर्वाचन समयमै गरेको □ नगरेको □
५. पछिल्ला वार्षिक लेखापरीक्षण समयमै गराएको□ नगराएको □
६. यस अघि अनुदान प्राप्त गरेको भए सदुपयोग गरेको□ नगरेको □
७. कार्यक्षेत्र भन्दा वाहिर गई कारोवार संचालन गरेको □ नगरेको □
८. संस्था संचालनमा आएको कम्तीमा २ आर्थिक वर्ष पूरा भएको□नभएको □
९. वीउ पूंजी सम्बन्धी कार्यक्रमको हकमा प्रारम्भिक साधारण सभा सम्पन्न भएको □ नभएको□
१०. कर चुक्ता प्रमाण पत्र भएको □ नभएको □
११. पूँजीगत कार्यक्रमको हकमा वचत तथा ऋणको मुख्य कारोवार गरेको □ नगरेको □
१२. लेखा समितिको वार्षिक प्रतिबेदन पेश भए □ नभएको □

द्रष्टव्यः

..........................................................................................................................................................
..........................................................................................................................................................
..........................................................................................................................................................
..........................................................................................................................................................

| जाँच गर्ने कर्मचारीः | प्रमाणित गर्ने कर्मचारी |
|---|---|
| नाम थरः | नाम थरः |
| दस्तखतः | दस्तखतः |
| पदः | पदः |
| मितिः | मितिः |

**अनुसूची -५**

**प्रस्ताव मूल्याङ्कनका आधारहरु**

**(दफा ५ को उपदफा (८) सँग सम्बन्धित)**

| सि.न. | आधार | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|
| १ | कार्यक्रमको सदस्य केन्द्रियता (उत्पादनमूलक संस्थामा सदस्यवाट खरिद;उपभोक्ता संस्थामा सदस्यहरुलाई विक्री र रोजगारीमूलक संस्थामा सदस्यलाई रोजगारी | | २० |
| १.१ | हालको अवस्था | **१०** | |
| (क) | १०० प्रतिशत | १० | |
| (ख) | ७५ वा वढी | ८ | |
| (ग) | ५० वा वढी | ६ | |
| (घ) | २५ वा वढी | ४ | |
| (ङ) | २५ भन्दा कम | २ | |
| १.२ | कार्यक्रमको प्रक्षेपित अवस्था | **१०** | |
| (क) | १०० प्रतिशत | १० | |
| (ख) | ७५ वा बढी | ८ | |
| (ग) | ५० वा बढी | ६ | |
| (घ) | २५ वा बढी | ४ | |
| (ङ) | २५ भन्दा कम | २ | |
| २ | कार्यक्रमबाट सिर्जना हुने रोजगारी (प्रति लाख लगानीमा पूर्ण रोजगारी संख्या) | | १५ |
| (क) | ५ जना वा वढी | १५ | |
| (ख) | ४ जना | १२ | |
| (ग) | ३ जना | ९ | |
| (घ) | २ जना | ६ | |
| (ङ) | १ जना वा कम | ३ | |
| ३ | सीमान्तकृत समुदायको सहभागिता | | १५ |
| ३.१ | सदस्यमा सहभागिता | **५** | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा कम | ४ | |

| | | | |
|---|---|---|---|
| (ग) | ३३ प्रतिशत भन्दा वढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | २ | |
| ३.२ | संचालक समितिमा सहभागिता | **५** | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा कम | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा वढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| ३.३ | कार्यक्रमको लाभ लिनमा सहभागिता | **५** | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा कम | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा वढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| ४ | महिला सहभागिता | | १५ |
| ४.१ | सदस्यमा सहभागिता | **५** | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा कम | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा वढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| ४.२ | संचालक समितिमा सहभागिता | **५** | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा कम | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा वढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| ४.३ | कार्यक्रको लाभ लिनमा सहभागिता | **५** | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा कम | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा वढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |

| | | | |
|---|---|---|---|
| (ङ) | नभएको | १ | |
| ५ | भौगोलिक अवस्था | | १० |
| (क) | गाउँपालिका | १० | |
| (ख) | नगरपालिका | ८ | |
| ६ | सिर्जनात्मकता | | २५ |
| (क) | सामूहिक व्यवस्थापनमा सञ्चालन | ५ | |
| (ख) | भैरहेको प्रविधिमा नवप्रवर्तन | ५ | |
| (ग) | मूल्य श्रृङ्खलामा माथिल्लो क्रियाकलाप | ५ | |
| (घ) | वातावरणीय सरोकारको सम्बोधन | ५ | |
| (ङ) | उत्पादनको वैदेशिक बजारीकरण | ५ | |

**अनुसूची-६**

**सम्झौता-पत्र**

**(दफा ५ को उपदफा (९) सँग सम्बन्धित)**

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५ मार्फत सञ्चालन गरिने आ.व.........को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम सहकारी नमूना गाउँ कार्यक्रम सञ्चालन गर्न **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५**(यस पछि पहिलो पक्ष भनिने) ................................................(यस पछि दोस्रो पक्ष भनिने) बीच तपसिलका सर्तहरुको अधिनमा रही कार्यक्रम सम्पन्न गर्न मिति ..................... मा सम्झौता गरी लियौं दियौं ।

१. कार्यक्रम संचालन गरिने स्थानः ................

२. सम्झौता लागु हुने मिति : सम्झौता भएको मिति देखि लागु हुनेछ ।

३. कार्य आरम्भ मिति : सम्झौता भएको मितिले ७ दिनभित्र कार्य आरम्भ गरी दोश्रो पक्षले पहिलो पक्षलाई जानकारी दिनु पर्नेछ । कार्यप्रगतिको प्रतिवेदन मासिक रुपमा पहिलो पक्षलाई पेश गर्नुपर्नेछ ।

४. कार्य सम्पन्न मितिः ................ सम्म । यदि तोकिएको समयमा कार्य सम्पन्न नभइ चालु आर्थिक बर्षभित्र भुक्तानी हुन नसकेमा पहिलो पक्ष जवाफदेही हुने छैन ।

५. यस कार्यक्रम सञ्चालनको कूल लागत रु .......................मध्ये मन्त्रालयले रु ........................... यसैसाथ संलग्न लगानी साझेदारी विवरणको मन्त्रालयको अनुदान महलमा उल्लेखित शिर्षकहरुमा उल्लेख भए बमोजिम उपलब्ध गराउने छ ।

६. संस्थाले पेश गरेको ब्यवसायिक योजना तथा कार्ययोजना सम्झौताको अभिन्न अंग हुनेछ र कार्यक्रम कार्यान्वयनका लागि तयार गरिएको क्रियाकलाप सहितको कार्ययोजना वमोजिम कार्य गर्नु पर्नेछ ।

७. अनुदान रकमबाट कार्यक्रमसँग सम्वन्धित यन्त्र उपकरण खरिद तथा पूर्वाधार निर्माण गर्दा मन्त्रालयसँग समन्वय गरी प्रचलित कानुन बमोजिम गर्नु पर्नेछ ।

८. संस्थाले मन्त्रालयबाट खटिएको प्राविधिकलाई प्राविधिक अनुगमनमा सहयोग गर्नु पर्नेछ र प्राविधिकले दिएको निर्देशन पालना गर्नु पर्नेछ।

९. कार्यक्रम सञ्चालनका लागि प्रथम पक्षले दोस्रो पक्षलाई कार्य सम्पन्न पश्चात अनुगमन तथा आवस्यक जाँचबुझ गरी अनुगमन तथा प्राविधिक टोलीको सिफारिस/प्रतिवेदन बमोजिम सम्झौता बमोजिमको रकम एकाउन्ट पेयी चेक मार्फत भुक्तानी गर्नेछ ।

१०. दोस्रो पक्षले कम्तिमा कार्ययोजना अनुसार न्यूनतम ५० प्रतिशत काम सम्पन्न भएपछि पहिलो किस्ता भुक्तानी माग गर्न सक्नेछ। रकम भुक्तानी गर्ने सम्बन्धमा मूल्याङ्कनका लागि लागत

अनुसारको बिल सहित कार्य सम्पन्न प्रतिवेदन तयार गरी दोस्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नु पर्नेछ र प्रथम पक्षले सम्पूर्ण प्रतिवेदन तथा बिलहरु प्राप्त भएपछि भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ।

११. कार्यक्रम सुरु भए पश्चात उक्त कार्यक्रमको सम्पुर्ण स्याहार सम्भारको जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ।

१२. यस सम्झौता बमोजिम अनुदान प्राप्त गरी कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा कुनै दुर्घटना वा भवितव्य हुन गई जनधनको क्षति भएको खण्डमा सो घटनाको पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ।

१३. सम्झौता मुताविकका कार्य नभएमा वा उपलब्ध श्रोतको दुरुपयोग भएको पाइएमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फि रुपमा सम्झौता भङ्ग गरी दोस्रो पक्षबाट दुरुपयोग भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गरी आवश्यक कारबाही अगाडी बढाउने छ।

१४. प्रथम पक्षका तर्फबाट कुनै पनि समयमा हुने कार्यक्रमको निरीक्षण र अनुगमन कार्यमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुनेछ।

१५. सम्झौतामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन एवं स्विकृत कार्यविधि बमोजिम हुनेछ ।

| | |
|---|---|
| .......................... | ............................ |
| प्रथम पक्षका तर्फबाट | दोस्रो पक्षका तर्फबाट |
| नामः | नामः |
| पदः | पदः |
| साक्षीहरु | साक्षीहरु |

मितिः २०........साल...............महिना...........गते ...........रोज शुभम्।